# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०८०/०३/२४


## भाग-२

## शुक्लाफाँटा नगरपालिका

## नगर शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

*कार्यविधि स्वीकृत मिति: २०८०/०३/२१*

*प्रमाणीकरण मिति: २०८०/०३/२४*

### १. पृष्ठभूमी

शैक्षिक स्तर सुधारका लागि सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यस शुक्लाफाँटा नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा तहगत तथा विषयगत शिक्षक दरबन्दीको अपर्याप्तताका कारण विद्यालयको नियमित पठनपाठन कार्य सञ्चालनमा समस्या देखिएको छ। उक्त समस्यालाई शुक्लाफाँटा नगरपालिकामा प्राप्त स्रोतबाट समाधानको प्रयास स्वरुप तोकिएको मापदण्डका आधारमा नगर शिक्षक व्यवस्थापन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (ज)तथा शुक्लाफाँटा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ मा भएको व्यवस्था बमोजिम शुक्लाफाँटा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद .१

### संक्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

१.१.१ यो कार्यविधिको नाम **नगर शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०** रहेको छ ।

१.१.२ यो कार्यविधि शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

**१.२ परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख) **'नगरपालिका'** भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) **'नगर कार्यपालिका'** भन्नाले शुक्लाफाँटा नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) **'विद्यालय'** भन्नाले नियमानुसार अनुमति वा स्वीकृति प्राप्त शुक्लाफाँटा नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

ङ) **'शिक्षक दरबन्दी'** भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी र संघिय सरकारले उपलब्ध गराएको शिक्षण सिकाइ अनुदान कोटालाई सम्झनु पर्दछ ।

च) **'न्यून दरबन्दी'** भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ ले तोके भन्दा कम दरबन्दी रहेको अवस्था सम्झनुपर्दछ ।

छ) **'आधारभूत विद्यालय'** भन्नाले बालविकास कक्षा देखि कक्षा ८ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्छ ।

ज) **'माध्यमिक विद्यालय'** भन्नाले बालविकास कक्षा देखि कक्षा १० तथा बालविकास कक्षा देखि कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्दछ ।

### १.३ उद्धेश्य

नगरपलिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा रहेको तहगत,कक्षागत तथा विषयगत शिक्षकहरुको कमिलाई आंशिक रुपमा परिपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर,शिक्षामा पहुँच र विद्यार्थीहको सिकाइ उपलब्धि अभिवृद्धि गरी शैक्षिक स्तर सुधार गर्ने ।

## परिच्छेद-२

## नगर शिक्षक व्यवस्थापन गर्ने मापदण्ड तथा आधारहरु

२.१ नगर शिक्षक दरवन्दी वितरण गर्दा देहायका मापदण्ड तथा आधारहरु अबलम्वन गरीने छ :

क)आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरबन्दी नभएको वा कम दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा १-५ का लागि अर्को व्यवस्था नभए सम्मका लागि नगर शिक्षक उपलब्ध गराउन सकिनेछ । आधारभूत तह कक्षा १ देखि ५ सञ्चालित विद्यालयमा शिक्षक दरवन्दी यकिन गर्दा तपसिल बमोजिम हुने व्यवस्था मिलाउने ।

तपसिल

| सि.नं. | विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम् शिक्षक दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | २० जना सम्म | २ जना | आधारभूत तह कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा अधिकतम शिक्षक दरवन्दी संख्या ४ |
| २ | २१ देखि ५० जना सम्म | ३ जना | |

| | | | |
|---|---|---|---|
| ३ | ५१ देखि ८० जना सम्म | ४ जना | (चार) जना र आधारभूत तह कक्षा १ देखि ५ सञ्चालित विद्यालयहरूमा अधिकतम शिक्षक दरवन्दी संख्या ६ (छ) जना रहनेछन् । |
| ४ | ८१ देखि १२५ जना सम्म | ५ जना | |
| ५ | १२५ जना भन्दा माथि | ६ जना | |

ख) आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा ६-८ मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विषयगत रूपमा कम दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि अर्को व्यवस्था नभए सम्मका लागि नगर शिक्षक उपलब्ध गराउन सकिनेछ । आधारभूत तह कक्ष १ देखि ८ सञ्चालित विद्यालयमा कक्षा ६-८ मा शिक्षक दरवन्दी यकिन गर्दा तपसिल बमोजिम हुने व्यवस्था मिलाउने ।

तपसिल

| सि.नं. | विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम् शिक्षक दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रतिकक्षा ४५ जना सम्म | ४ जना | आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयहरूमा अधिकतम शिक्षक दरवन्दी संख्या ६ (६) जना रहनेछन् । |
| २ | प्रतिकक्षा ६३ जना भन्दा बढी विद्यार्थी संख्या भएमा | प्रतिकक्षा १ दरवन्दी थप हुने | |

ग) माध्यमिक तह कक्षा १ देखि कक्षा १० अथवा कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा ९-१० मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा विषयगत रूपमा कम दरबन्दी भएका सामुदायिक विद्यालयमा कक्षा ९-१० का लागि अर्को व्यवस्था नभए सम्मका लागि तपसिल बमोजिम नगर शिक्षक उपलब्ध गराउन सकिनेछ ।

तपसिल

| सि.नं. | विद्यार्थी संख्या | विद्यालयमा रहने न्यूनतम् शिक्षक दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | प्रतिकक्षा ४५ जना सम्म | ३ जना | माध्यमिक तह कक्षा ९ १० सञ्चालित विद्यालयहरूमा अधिकतम शिक्षक दरवन्दी संख्या ५ (पाचँ) जना रहनेछन् । |
| २ | प्रतिकक्षा ६३ जना भन्दा बढी विद्यार्थी संख्या भएमा | प्रतिकक्षा १ दरवन्दी थप हुने | |

घ) परिच्छेद २ को दफा २.१ (क), (ख) र (ग) बमोजिम नगर शिक्षक व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउदा शुन्य दरबन्दी भएको अथवा संघिय सरकारको शिक्षण सहयोग अनुदान समेत उपलब्ध नभएको तह र विषयलाई समेत आधार बनाउनु पर्नेछ ।

## परिच्छेद-३

## नगर शिक्षकको सेवा,सर्त,सुबिधा र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.१** परिच्छेद २ को दफा २.१ (क), (ख) र (ग) मा भएको मापदण्ड, परिच्छेद ४ र परिच्छेद ५मा भएको व्यवस्था बमोजिम नियुक्त नगर शिक्षकहरूको तलब भत्ता तथा अन्य सेवा सुबिधा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**३.२** उल्लेखित अनुसार नगर शिक्षक दरवन्दी वितरण गर्दा विद्यालयको हालसम्मको शैक्षिक प्रगति विवरण र विद्यार्थी संख्यालाई समेत आधार बनाउन सकिनेछ ।

**३.३** यस कार्यविधि बमोजिम एक पटक नगर शिक्षक दरवन्दी पाइसकेका विद्यालयलाई साविकको शिक्षक दरबन्दीमा थप भएको, विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको अवस्थामा नगरपालिकाबाट प्रदान गरिएको नगर शिक्षक दरवन्दी कटौती गर्न सकिनेछ ।

## परिच्छेद- ४

## नगर शिक्षक व्यवस्थापन तथानगर शिक्षक पदपुर्ति समिति सम्बन्धी व्यवस्था

४.१परिच्छेद ३ बमोजिम अनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाका आधारमा नगर शिक्षक व्यवस्थापन गर्नु पर्नेछ ।

क) नगरपालिकाले विद्यालयको तथ्याङकलाई अद्यावधिक गरी विद्यालयमा अपुग हुने दरवन्दी यकिन गर्ने र पहिलो पटकका लागि नगरपालिकाबाट एकिकृत रूपमा विज्ञापन गरी पदपुर्ती गर्ने व्यवस्था मिलाउने र

विविध कारणवश नगर शिक्षकको दरवन्दी रिक्त हुन गएमा विद्यालयले शिक्षक भर्नाका लागि नगरपालिकासंग अनुमति माग गरी विद्यालयले प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम शिक्षक पदपूर्तिका लागि विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।

ख) नगर शिक्षक व्यवस्थापन बाफत शिक्षक प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपूर्ति गर्दा सम्बन्धीत तहका लागि अंग्रेजी,गणित र विज्ञान विषयलाई मुख्य प्राथमिकता दिनुपर्नेछ । अन्य विषयको शिक्षक पदपूर्ति गर्नुपर्ने भएमा शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा विद्यालमा रहने शिक्षक दरवन्दीको प्राथमिकता सम्बन्धी व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिका समक्ष अनुमतिका लागि निवेदन पेश गर्नुपर्नेछ । यसरी प्राप्त निवेदन अध्ययन गर्दा अंग्रेजी, गणित र विज्ञान बाहेक अन्य विषयको शिक्षक पदपूर्तिका लागि अनुमति दिन मनासिव देखिएमा नगर शिक्षा समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

ग) शिक्षक पदपूर्तिका लागि अनुमति प्राप्त विद्यालयले प्रचलित शिक्षा ऐन तथा नियमावलीका आधारमा शिक्षक पदपूर्तिका लागि विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।

घ) शिक्षक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था शुक्लाफाँटा नगरपलिकाको नगर शिक्षा सञ्चालन कार्यविधि २०७५ बमोजिम हुनेछ ।

ङ) यस कार्यविधि बमोजिम कार्यरत शिक्षकहरुको विदा तथा काज र अन्य थप सेवा सुविधा सम्वनधमा विद्यालय व्यवस्थापन समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

४.२ यस कार्यविधिको दफा ४ उपदफा ४.१(क) मा भएको व्यवस्था बमोजिम नगरपालिकाले शिक्षक नियुक्त गर्दा नगरपालिकामा तपसिल बमोजिमको नगर शिक्षक पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी : संयोजक

(ख) सम्बन्धित विषयका विषयविज्ञहरू मध्येबाट उपलब्ध भएसम्म एक जना महिला समेतको प्रतिनिधित्वहुने गरी नगरपालिकाले मनोनित गरेको २ जना : सदस्य

(ग) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

४.३ यस कार्यविधिको दफा ४ को उपदफा ४.२ मा व्यवस्था भएको नगर शिक्षक पदपुर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर शिक्षक छनौट परीक्षाको प्रश्नपत्र तयार गर्ने ।

(ख) नगर शिक्षक छनौट परीक्षाको उत्तर कुञ्जिका तयारी र उत्तर पुस्तिका परीक्षण गर्ने ।

(ग) नगर शिक्षक छनौट परीक्षा संग सम्बन्धित अन्य सम्पुर्ण कार्य गर्ने ।

(घ) नगर शिक्षक छनौट परीक्षाका सम्पुर्ण चरणहरूमा सफल भएका उम्मेदवारहरूलाई योग्यताक्रमका आधारमा नियुक्तिका लागि सिफारिस गर्ने ।

## परिच्छेद- ५

## नगर शिक्षक नियुक्ति र सेवा सर्त सम्बन्धी व्यवस्था

**५.१ शिक्षक भर्ना सम्बन्धी व्यवस्था:**नगरपालिकाले विद्यालयको तथ्याङकलाई अद्यावधिक गरी विद्यालयमा अपुग हुने दरवन्दी यकिन गर्ने र पहिलो पटकका लागि नगरपालिकाबाट एकिकृत रूपमा विज्ञापन गरी पदपुर्ती गर्ने व्यवस्था मिलाउने र विविध कारणवश नगर स्वयम् सेवक शिक्षकको दरवन्दी रिक्त हुन गएमा विद्यालयले शिक्षक भर्नाका लागि नगरपालिकासंग अनुमति माग गरी विद्यालयले प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम शिक्षक पदपूर्तिका लागि विज्ञापन गरी पदपूर्तिको व्यवस्था मिलाउनुपर्नेछ ।विद्यालयले रिक्त रहेको दरबन्दीमा नगर शिक्षक व्यवस्थापन अन्तर्गत शिक्षण सेवा लिदा देहाय अनुसार गर्नु पर्नेछ :

**क)**सम्बन्धीत तहको विषयगत शिक्षक दोहोरो नपर्ने गरी प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्नु पर्नेछ ।

**ख)** छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने । यो करार अवधि सामान्यतया एक आर्थिक वर्षको अन्त्य सम्मका लागि हुनेछ ।

**ग)** विद्यालयमा आगामि बर्षका लागि नगर शिक्षक व्यवस्थापन बाफतको बजेट सुनिश्चित भएको अवस्थामा मात्र नगरपालिकाले यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिएको व्यक्तिको शिक्षण कार्यसम्पादन र विद्यालयको सिफारिसका आधारमा प्राथमिकता दिइ पुन: शिक्षण सेवा करार थप गर्न सक्नेछ ।

**५.२ शिक्षक छनौट परीक्षा र उमेरहद :**

**(क)** शिक्षक छनौट परीक्षाको पाठ्यक्रम र परीक्षाप्रणाली शिक्षक सेवा आयोग नियमावली २०५७ बमोजिम हुनेछ ।

**(ख)** यस कार्यविधि अनुसार शिक्षक नियुक्त गर्दा यस नगरपालिका अन्तर्गत निजी स्रोतमा कार्यरत शिक्षकहरूका हकमा एक पटक(पहिलो नगर स्तरीय विज्ञापन) का लागि जुनसुकै तहमा सहभागी हुनका लागी उमेर हद लाग्ने छैन र अन्यको हकमा शिक्षक सेवा आयोग नियमावली २०५७ बमोजिम हुनेछ ।

पुनश्च : यस कार्यविधि बमोजिम निजी स्रोतमा कार्यरत शिक्षकहरूले नगर शिक्षक पदका लागि निवेदन पेश गर्दा निवेदन साथ कार्यरत विद्यालयबाट सेवा प्रमाणित गरेको पत्र अनिर्वाय पेश गर्नुपर्नेछ अन्यथा निजको उमेरहद खुला आवेदक सरह हुनेछ ।

**५.३ अनुभव बाफतको अंक प्रदान गरीने** :यस कार्यविधि अनुसार शिक्षक नियुक्त गर्दा यस नगरपालिका अन्तर्गत निजी स्रोतमा कार्यरत शिक्षकहरूका हकमा एक पटक (पहिलो नगर स्तरीय विज्ञापन) का लागि

सम्बन्धित तहमा नियुक्त भइ कार्यरत रहेको कार्य अनुभव बाफत प्रति वर्ष १ अंकका दरले बढीमा ५ अंक अनुभव बाफत प्रदान गरीनेछ ।

पुनश्च : यस कार्यविधि बमोजिम निजी स्रोतमा कार्यरत शिक्षकहरूले नगर शिक्षकका लागि निवेदन पेश गर्दा निवेदन साथ कार्यरत विद्यालयबाट सेवा प्रमाणित गरेको पत्र अनिवार्य पेश गर्नुपर्नेछ अन्यथा निज आवेदकलाई अनुभव बाफतको अंक प्रदान गरीने छैन ।

**५.४ शिक्षकको सेवा शर्त सुविधा:** यस कार्यविधि बमोजिम नियुक्त शिक्षकलाई परिच्छेद ३ को दफा ३.१ बमोजिम तोकिएको रकम मासिक पारिश्रमिक सुविधा मात्र उपलब्ध गराइनेछ । यसका अतिरिक्त विद्यालयले कार्यसम्पादनको आधारमा विद्यालयको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

**५.५ करार सम्झौता रद्द गर्न सकिने :(१)**देहायको अवस्था भएमानगरपालिकाले विद्यालयको सिफारिसमा जुनसुकै बखत सम्बन्धीत शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ :

(क) बिना सुचना लगातार पन्ध्र दिन भन्दा बढी विद्यालयमा अनुपस्थित भएमा ,

(ख) करार सम्झौतामा उल्लेखित गरीएका शर्तहरु पालना नगरेमा,

(ग) शिक्षक आचारसंहिताको पालना नगरेमा,

(घ) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक नगरेमा,

(२) उपदफा (१) बमोजिम करार सम्झौता रद्ध गर्दा शिक्षकलाई प्रचलित कानुन अनुसार मनासिव सफाइको मौका नदिई सेवा बाट हटाउन पाइने छैन ।

## परिच्छेद ६

## विविध

६.१ यो कार्यविधि बमोजिम नगर शिक्षक व्यवस्थापनबाफत सामुदायिक विद्यालयले प्राप्त रकम विद्यालयको खातामा जम्मा गरी आम्दानी जनाउनुपर्नेछ ।

६.२नगर शिक्षक व्यवस्थापन वाफत प्राप्त रकम दफा नं ४.१ बमोजिम नियुक्त भएको शिक्षक तलब भत्ता बाहेक अन्य शीर्षकमा खर्च गर्न पाइने छैन ।

६.३ यस कार्यविधि बमोजिम नियुक्त भएका शिक्षकहरू पुर्णतया नगरपालिकाको मातहत हुनेछन् ।

६.४ यस कार्यविधि बमोजिम शिक्षक नियुक्त भइसके पश्चात विद्यालयले निजी स्रोतमा शिक्षक भर्ना गरेमा नगरपालिकाले कुनै व्ययभार लिने छैन ।

६.५ यस कार्यविधिमा उल्लिखित कुराहरू यसै कार्यविधि अनुसार हुने र छुट्न गएका विषयहरूको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

६.६ यो कार्यविधिलाई आवश्यक्ता अनुसार संसोधन गर्न सकिनेछ ।

**आज्ञाले,**
**टिकेन्द्रराज भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**